नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..............................

## प्रेस विज्ञप्ति

आज मिति २०७५ साल कात्तिक १९ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा भएको प्रगति, नागरिकका सरोकारका विषयसँग प्रत्यक्ष सम्बन्ध राख्ने पूर्वाधारका आयोजनाहरुको अवस्था, २०७५ फागुनसम्ममा संविधानसँग बाझिएका कानूनहरु संशोधन लगायतका विषयमा सचिवहरुबीच समिक्षा भयो । वैठकमा नीति तथा कार्यक्रम र शासकीय प्रबन्धका विविध विषयमा यस आर्थिक वर्षमा हालसम्म सन्तोषजनक प्रगति भएको विषयमा छलफल भयो ।

वैठकको सुरुवातमा सम्बन्धित मन्त्रालयका सचिवज्यूहरुले नीति तथा कार्यक्रमअनुसार आफ्ना मन्त्रालयको हालसम्मको प्रगति विवरण प्रस्तुत गर्नुहुँदै लक्ष्य प्राप्तिको लागि देखा परेका समस्या र तिनको समाधानका लागि गरिएको प्रयासबारे जानकारी दिनुभयो । विशेष गरी मेलम्ची खानेपानी आयोजना, भुकम्पछिको पुनर्निर्माण, विभिन्न विद्युतीय आयोजना, सिंचाइ आयोजना लगायतका आयोजनाहरु लक्ष्यबमोजिम पूरा गर्ने विषय तथा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रजस्ता जनतासँग प्रत्यक्ष सम्बन्ध भएका विषयमा छलफल भयो ।

सेवा प्रवाह र पूर्वाधार निर्माणको विषयमा नागरिक अपेक्षा अनुसार सबैले देख्न र गन्न सक्ने उपलब्धी हासिल हुने गरी काम गर्न र कार्यालय एवं आयोजना/परियोजनामा कर्मचारीहरुको अभाव नहुने व्यवस्था मिलाउने सम्बन्धमा समेत छलफल भयो ।

वैठकको अन्त्यमा नेपाल सरकाका मुख्य सचिवज्यू र सबै सचिवज्यूहरुबाट सार्वजनिक सेवा प्रवाह र विकास निर्माणको सन्दर्भमा जनताले प्रत्यक्ष अनुभव गर्न सक्ने गरी कार्य गर्न उच्च मनोबलका साथ लागीपर्ने प्रतिवद्धता व्यक्त गरियो ।

(विनोद बहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np